नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असार २१ गते २०५८ साल (अतिरिक्ताङ्क २०

भाग ३

निर्वाचन आयोगको

सूचना १

निर्वाचन (अपराध र सजायँ) ऐन, २०४७ को दफा २५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको रिक्त स्थानहरू मध्ये नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिमका सदस्यको स्थान पूर्तिका लागि मिति २०५८।३।१३ मा भएको निर्वाचनको सम्बन्धमा पर्न सक्ने उजूरी दर्ता गर्न पूर्वाञ्चल विकास क्षेत्रको लागि पुनरावेदन अदालत, धनकुटाका रजिष्ट्रार, मध्यमाञ्चल विकास क्षेत्रको लागि पुनरावेदन अदालत, पाटनका रजिष्ट्रार, पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, पोखराका रजिष्ट्रार, मध्य पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, सुखतका रजिष्ट्रार र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, दिपायलका रजिष्ट्रारलाई तथा सोही धाराको उपधारा (१) को खण्ड (ख) बमोजिमका सदस्यको स्थान पूर्तिका लागि मिति २०५८।३।१३ मा भएको निर्वाचनको सम्बन्धमा पर्न सक्ने उजूरी दर्ता गर्न पुनरावेदन अदालत, पाटनका रजिष्ट्रारलाई उजूरी दर्ता अधिकृत तोकेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

निर्वाचन (अपराध र सजायँ) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सोही ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जाँचबुझ गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम एक महिला सदस्य सहित ११ (एघार) जना राष्ट्रियसभा सदस्यहरूको मिति २०५८।३।१३ मा भएको निर्वाचनमा जाँचबुझ तथा अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयको प्राविधिक निर्देशनालयका प्रहरी नायव महानिरिक्षकलाई र धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिम पाँच विकास क्षेत्रमा सोही मितिमा भएको राष्ट्रियसभा सदस्यको निर्वाचनहरू मध्ये पूर्वाञ्चल विकास क्षेत्रको लागि पूर्व क्षेत्रीय प्रहरी कार्यालयको कार्यालय प्रमुखलाई, मध्यमाञ्चल विकास क्षेत्रको लागि मध्य क्षेत्रीय प्रहरी कार्यालयको कार्यालय प्रमुखलाई, पश्चिमाञ्चल विकास क्षेत्रको लागि पश्चिम क्षेत्रीय प्रहरी कार्यालयको कार्यालय प्रमुखलाई, मध्य पश्चिमाञ्चल विकास क्षेत्रको लागि मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालयको कार्यालय प्रमुखलाई र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लागि सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालयको कार्यालय प्रमुखलाई आवश्यकता अनुसार आफना मातहतका अधिकृतस्तरका कर्मचारीहरूको सहयोग लिई काम गर्ने गरी अनुसन्धान गर्ने अधिकारी तोकेको छ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।